# कार्यकारी समितिको ९४ औँ बैठकको निर्णयहरु
## (मिति २०७४/०९/०४ गते मंगलबार)

**निर्णय नं. १**

जोखिमयुक्त वस्तीका प्रस्तावित १४ जिल्लाहरुका १,००२ घर परिवारहरुको संलग्न सूची बमोजिमको नामावली लाभग्राहीको रुपमा स्वीकृत गर्ने । साथै रसुवा जिल्लाका ३७७ लाभग्राहीमध्ये रसुवा पहिरेबेसीका ७१ जना लाभग्राही घरधनीहरुको हकमा नेपाल प्रहरी र प्राविधिक समेतको रोहबरमा सर्जमिन गरी सो को प्रतिवेदनको आधारमा मात्र अनुदान दिने व्यवस्था मिलाउने ।

**निर्णय नं. २**

जोखिमयुक्त (Hazardous) वस्तीहरुको पहिचान एवं त्यस्ता स्थानहरुमा बसोबास गर्ने लाभग्राहीहरुको स्थानान्तरण प्रक्रिया र सो विषय अध्ययन सम्बन्धी कार्यढाँचाको विस्तृत प्रस्ताव तयार गरी आगामी बैठकमा पेश गर्न आवास, वस्ती विकास तथा स्थानीय पूर्वाधार महाशाखालाई निर्देशन दिने ।

**निर्णय नं. ३**

जोखिमयुक्त (Vulnerable) लाभग्राहीहरुको पहिचान सम्बन्धी प्रस्तावित "जोखिमयुक्त समूह पहिचान म्याट्रिक्स" सम्बन्धमा आवश्यक गृहकार्य गरी परिमार्जनसहित अगामी बैठकमा प्रस्ताव पेश गर्नका लागि तपसिल बमोजिमको उप-समिति गठन गर्ने।

**तपसिल**

| | |
|---|---|
| कार्यकारी समिति सदस्य डा. चन्द्रबहादुर श्रेष्ठ | -संयोजक |
| सहसचिव श्री नेत्रप्रसाद सुवेदी | -सदस्य |
| उपसचिव डा. भीष्मकुमार भूषाल | -सदस्य |
| उपसचिव श्री मनोहर घिमिरे | -सदस्य सचिव |

**निर्णय नं. ४**

मुलुकको प्रशासनिक पुन:संरचना भइरहेको वर्तमान सन्दर्भमा कार्यकारी समितिको मिति २०७४/०३/२५ गतेको ७२औं बैठकले जिल्ला सदरमुका स्थित भूकम्पबाट क्षतिग्रस्त सरकारी भवनहरुको पुनर्निर्माण प्रक्रिया यथा अवस्थामा राख्ने र पुनर्निर्माण नगरी नहुने भएमा सहमतिका लागि प्राधिकरणमा पठाउने भनी निर्णय भएको साथै वर्तमान अवस्थामा सो विषय त्यतिकै सान्दर्भिक भएकोले पुनर्निर्माणको लागि सम्झौता नभएका वा सम्झौता भएपनि पुनर्निर्माण कार्य शुरु नभएका त्यस्ता प्रकृतिका सरकारी भवनहरुको पुनर्निर्माण कार्य नगर्नका लागि विषयगत मन्त्रालय अन्तर्गतका सबै केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरुलाई निर्देशन दिने र काम शुरु गर्नैपर्ने विशेष प्रकृतिका सरकारी भवनहरुको हकमा सहमतिका लागि प्राधिकरणमा पेश गर्ने ।

**निर्णय नं. ५**

माटो मसलाको जोडाईमा काँचो ईटा (Sun-dried brick) को गारो "ग" वर्गको घरको प्रस्तावित प्राविधिक निरीक्षण फाराम स्वीकृत गरी " निजी आवास पुनर्निर्माण प्राविधिक निरीक्षण कार्यविधि, २०७३" को अनुसूचीको रुपमा कायम गरी समावेश गर्ने ।

सचिव

**निर्णय नं. ६**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय गुनासो उप-समितिको सिफारिश बमोजिम पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७४ को दफा ९ को उपदफा ५(ञ) अनुसार प्राप्त देहायबमोजिमका प्रबलीकरण गर्ने लाभग्राहीहरुको गुनासोलाई ऐ कार्यविधिको दफा १२ को उपदफा ३(क) अनुसार पुनर्निर्माण वर्गमा समावेश गर्ने ।

| क्र.सं. | प्रबलीकरण लाभग्राहीको नामथर | स्थायी | सम्झौता क्रम नं. |
|---|---|---|---|
| १. | हरिप्रसाद लामिछाने | साविक टुकुचानाल-४, हाल बनेपा न.पा.-१, काभ्रेपलाञ्चोक | R-24-89-4-0-003 |
| २. | ईच्छाराम दुलाल | साविक टुकुचानाल-५, हाल बनेपा न.पा.-१, काभ्रेपलाञ्चोक | R-24-89-5-0-003 |
| ३. | अच्युतसिंह भण्डारी | ललितपुर महानगरपालिका-१४, ललितपुर | R-25-27-14-0-004 |
| ४. | दलबहादुर अधिकारी | साविक मार्पाक-६, हाल नेत्रावती गा.पा.-१, धादिङ्ग | R-30-30-6-001 |
| ५. | गोविन्दप्रसाद चौलागाईं | भुम्लु गा.पा.-४, काभ्रेपलाञ्चोक | R-24-15-6-0-001 |

**निर्णय नं. ७**

कार्यकारी समितिको ९१औँ बैठकले मार्ग मसान्तसम्मको समय सीमा तोकी गुनासो दर्ता गरिसक्नु पर्ने निर्णय भए बमोजिम स्थानीयस्तरमा दर्ता भएका गुनासाहरु स्थानीय तहमा फछ्र्यौट गर्न सकिनेको हकमा तहाँबाटै गरी फछ्र्यौट गर्न नसकिने गुनासोका हकमा नाम किटानी सिफारिश सहित मिति २०७४ पौष १५ भित्रै प्राधिकरणमा पेश गर्न केन्द्रीय आयोजना कार्यान्वयन इकाई, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाउने ।

## निर्णय नं. ८

भूकम्प पश्चात्को पुनर्निर्माणका लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि २०७२ को दफा (९) बमोजिम सिफारिस भई आएका संलग्न परियोजना प्रस्तावहरु तोकिएको मापदण्ड भित्र रही सम्बन्धित स्थानीय तहसंग समन्वय गरी कार्यान्वयन गर्न स्वीकृति दिने ।

| क्र.स. | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजना बिवरण | परियोजना कार्यान्वयन हुने स्थान | राय | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | |
| १ | Sakriya Sewea Samaj | Shelter Reconstruction Initiative for Earthquake Affected People Living with HIV and Marginalized People. | तालिम | ७० जनालाई ७ दिने डकर्मी तालिम<br>१००० जनालाई भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी अभिमूखिकरण | पर्सा जिल्लाको सीबिकुका गोथडी, फर्सातीकर फेडेवा गा.बि.स. | विज्ञ सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठ | १,४२,६५४।०० ०५।२५ प्रतिशत | २५,७३,९२०।०० ९४।७५ प्रतिशत | २७,१६,५७४।०० | २ महिना |
| २ | REED Nepal | भूमेस्थान आधारभूत बिद्यालय भवन पुनर्निर्माण | शिक्षा | २ कोठे बिद्यालय भवन र शौचालय | मेलुङ ७, ओखलढुंगा | | २,९२,२१०।४४ ०७।०० प्रतिशत | ३९,५४,२१२।४४ ९३।०० प्रतिशत | ४२,४६,४२२।८८ | २०७५।०८।२९ |
| ३ | Safa Sunaulo Nepal | श्री महेन्द्र आदर्श बिद्यालय पुनर्निर्माण कार्यक्रम | शिक्षा | श्री महेन्द्र आदर्श बिद्यालयको ८ कोठे भवन | ललितपुर १५, सातदोबाटो | | ० | २,०२,४१,६२४।९१ सत प्रतिशत | २,०२,४१,६२४।९१ | २०७५ चैत्र ३० |
| ४ | Nepal Youth Foundation | बिद्यालय भवन नुनर्निर्माण योजना | शिक्षा | ८ कोठे ग्रामसेवा मा.बि.( १,२९,३८,२८५) र ६ कोठे चुनिदेबी शिक्षा मन्दिर आधारभूत बिद्यालय. ( १,१७,५७,९६६।००) | ग्रामसेवा मा.बि. तारकेश्वर ६, काठमाडौं र चुनिदेबी शिक्षा मन्दिर आधारभूत बिद्यालय.ललितपुर मनपा २२, ललितपुर | विज्ञ सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठ | २२,४५,११३।७२ ०९।०० प्रतिशत प्रतिशत | २,२४,५१,१३७।२८ ९१।०० प्रतिशत | २,४६,९६,२५१।०० | ३० डिसेम्बर २० १८ |
| ५ | Dhulikhel Hospital | Janapriya Primary School Reconstruction | शिक्षा | जनप्रिय प्राथमिक बिद्यालयको भवन निर्माण | चुंगखर्क, काभ्रे | | ० | १,१७,६३,९९६।२३ सत प्रतिशत | १,१७,६३,९९६।२३ | एक बर्ष |
| ६. | Save the Children | ECCD Centre Construction in Sindhupalchowk District | शिक्षा | १५ वटा ECCD भवन निर्माण | सिन्धुपाल्चोक | विज्ञ सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठ | १,०२,४०,७६५।०० १९।०० प्रतिशत | ४,२९,५८,०१०।०० ८१।०० प्रतिशत | ५,३१,९८,७७५।०० | २०१८ डिसेम्बर |
| | | | १ | बचलादेवी नि.मा.बि. | साँगाचोक ३ | | | १९,३१,८९४।०० | नोट : परियोजना खर्च मात्र | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | इन्द्राबति नि.मा.बि. | साँगाचोक ८ | | | १९,६३,९२२।०० | | |
| | | | ३ | बागेश्वरी नि.मा.बि. | [illegible] ६ | | | १९,६३,२७५।०० | | |
| | | | ४ | पोखरे प्रा.बि. | साँगाचोक | | | १९,५८,२७५।०० | | |
| | | | ५ | इर्खु मा.बि. | इर्खु,१ | | | १९,३५,३२०।०० | | |
| | | | ६ | सेतिदेबी प्रा.बि. | इर्खु ३ | | | १९,५८,२७५।०० | | |
| | | | ७ | महाकाली सेतिदेबी नि.मा.बि. | इर्खु ९ | | | १९,६७,९०८।०० | | |
| | | | ८ | जलेश्वर नि.मा.बि. | नवलपुर २ | | | २०,१,८,२७५।०० | | |
| | | | ९ | टाकुरे प्रा.बि. | नवलपुर ४ | | | १९,७५,२९९।०० | | |
| | | | १० | जनचेतना प्राबि. | मँखा २ | | | १९,८३,२७५।०० | | |
| | | | ११ | सरस्वति मा.बि. | मँखा ४ | | | १९,५७,९०८।०० | | |
| | | | १२ | लक्ष्मीदेबी मा.बि. | फुलिङकोट ३ | | | १९,८३,२७५।०० | | |
| | | | १३ | पञ्चकन्या प्रा.बि. | कुन्चोक १ | | | २०,२०,७७५।०० | | |
| | | | १४ | सेतिदेबी प्रा.बि. | कुन्चोक ९ | | | १९,७७,९०८।०० | | |
| | | | १५ | सेतिदेबी मा.बि. | थुम्पाखर ३ | | | १९,५३,२७५।०० | | |